आज मिति २०७८ जेठ २१ गते शुक्रबारको दिन बिहान ११:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा १०८ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकरमान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री तुलसी बहादुर श्रेष्ठ | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री दिपक कुमार के.सी. (योजना, अनुगमन तथा प्रशासकीय अधिकृत)
२. श्री गणेश गुरुङ (लेखा अधिकृत)
३. श्री मनोज बुढाथोकी (ईन्जिनियर)
४. श्री ननिता खत्री (निर्णय टाईपमा सहयोग गर्ने कर्मचारी)

मिति २०७८/०२/२० गते नगर प्रमुखज्यूबाट मिति २०७८/०२/२१ गते नगर कार्यपालिकाको १०८ औं कार्यपालिका बैठकमा पेश गर्ने आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | आ.ब.०७८/०७९ को बजेट तर्जुमा सिलिङ सम्बन्धमा । | • मिति २०७८/०२/१९ गते बसेको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकबाट स्वीकृत भए अनुसार आ.ब.०७८/०७९ को बजेट सिलिङ विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउने । |
| २. | एम्बुलेन्स तथा शववाहनको भन्सार छुट सम्बन्धमा । | • पाँचौ नगर सभाबाट विनियोजित रकमबाट यस नगरपालिकाको नाममा एम्बुलेन्स खरिद गर्ने र प्राथमिक स्वास्थ्य केन्द्र चाल्नाखेलको नाममा शववाहन खरिद गर्नका लागी प्रदेश सामाजिक विकास मन्त्रालय मार्फत् नेपाल सरकार स्वास्थ्य मन्त्रालयद्वारा अर्थ मन्त्रालयलाई भन्सार छुटको लागी अनुरोध गर्ने । |
| ३. | ढुङ्गा, गिट्टी, बालुवा, माटो र ग्राभेल संकलन तथा बिक्री शुल्क आ.ब.०७८/०७९ को ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा । | • यस नगरपालिका भित्र आगामी आ.ब.०७८/०७९ को लागी ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, रोडा र माटो लगायत प्राकृतिक स्रोतको संकलन तथा बिक्री करको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा स्थानीय राजश्व परामर्श समितिको मिति २०७८/०२/१६ को बैठकबाट आगामी आ.ब.को ठेक्का आव्हान गर्न न्यूनतम अंक रु.२,६४,०३,६६७।- (दुई करोड चौसाठी लाख तिन हजार छ सय सढ्साठ्ठी रुपैयाँ) (कर बाहेक) कायम गर्ने भनी सिफारिस भई आएको हुदाँ सोही रकमलाई न्यूनतम अंक कायम गरी आय ठेक्काको लागी सुचना प्रकाशित गर्ने । |
| ४. | शेषनारायण स्वास्थ्य चौकीमा अस्थाई वर्थिङ सेन्टर सञ्चालन सम्बन्धमा । | • चाल्नाखेल प्राथमिक स्वास्थ्य केन्द्रमा कोभिड रोकथाम तथा नियन्त्रणका लागी आईसोलेसन सेन्टर स्थापना भई सञ्चालनमा आएको कारण उक्त केन्द्रमा सञ्चालन हुदै आएको वर्थिक सेन्टर हालको अवस्थामा बन्द रहेको हुदाँ यस नगरपालिका वडा नं.५ को शेषनारायण स्वास्थ्य चौकीमा आवश्यक पूर्वाधारहरु तयार गरी अस्थाई वर्थिङ सेन्टर सञ्चालनमा ल्याउने । |
| ५. | शिक्षक दरबन्दी मिलान सम्बन्धमा । | • शिक्षकको दरबन्दी मिलान सम्बन्धमा यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०७८/०२/२० गते भएको निर्णयलाई अनुमोदन गर्ने । |
| ६. | विविध । | • चालु आ.ब.मा वडा तथा नगर स्तरीय क्रमागत पूर्वाधार योजना - ८०३३५४०७११५ अन्तर्गत स्वीकृत नगर स्तरीय दलित प्रोफाईल निर्माण कार्यक्रमको २०७७ फागुन मसान्त सम्म भुक्तानी लिईसक्नु पर्नेमा तोकिएको समयमा नियमानुसार कागजात पेश नभई सकेको हुदाँ भुक्तानी दिन बाँकी रहेकोमा हाल सम्झौता बमोजिम कागजातहरु पेश हुन आएकोले पेश भएको बिल भर्पाई बमोजिम विनियोजित रकम भुक्तानी गर्ने ।<br>• यस कार्यपालिकाको मिति २०७७/१२/१८ को १०५ औं बैठकको निर्णयानुसार यस नगरपालिकाको ऐतिहासिक १२ बर्षे था प्याखँ नाँचको लागी रकम रु.५,५०,०००।- (पाँच लाख पचास हजार रुपैयाँ) उपलब्ध गराउने । |

तुलसी बहादुर ...
प्रमुख प्रशासकीय अधिकृत